**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal]
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# निसमालोचनाको सैद्धान्तिक अवधारणा

एकनारायण पौड्याल (विद्यावारिधि)
नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन

***Article History :*** *Submitted 11, Nov. 2023.; Reviewed: 9, Jan. 2024; Revised : 11, Feb. 2024*
***Corresponding Author :*** *Eknarayan Paudyal* ***E-mail :*** *enpaudyal@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v2i01.65871*

**सारसङ्क्षेप**

*यस अनुसन्धानात्मक लेखमा निसमालोचनाको सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । निसमालोचना समालोचनाको एक नवीन प्रकार हो । नेपाली साहित्यमा निसमालोचनाजस्तै देखिने समालोचना धेरै अघिदेखि लेखिएका पाइए पनि ती समालोचना सैद्धान्तिक अवधारणासहित लेखिएका देखिँदैनन् । निसमालोचनाका तिनै पूर्वप्रयासलाई हेरेर यसलाई नैबन्धिक समालोचना, निसमीक्षा आदि संज्ञा दिइएको पाइन्छ । समालोचनाको यस प्रकारलाई निसमालोचना नै भनिएको पनि पाइन्छ तर यसअघि विधागत सचेतताका साथ यसको सैद्धान्तिक पक्षका बारेमा यो पङ्तिकारबाहेक अन्य विद्वानहरूबाट विस्तृत रूपमा चर्चा गरिएको पाइँदैन । यस नवीन अवधारणाका बारेमा थप स्पष्ट पार्न आवश्यक भएकाले प्रस्तुत लेखमा यसको सैद्धान्तिक आधारका सम्बन्धमा स्पष्ट पारिएको छ । यस क्रममा निसमालोचनाको प्रायोगिक स्वरूप प्रस्तुत गर्दा प्राथमिक स्रोतका रूपमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य मुनामदनलाई आधार बनाइएको छ भने निबन्ध, समालोचना आदि विधाको स्वरूप प्रस्ट पार्नका लागि तिनका बारेमा लेखिएका सामग्रीलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ । सैद्धान्तिक प्रकृतिको यस लेखमा व्याख्यात्मक र विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । यस अनुसन्धानात्मक लेखमा निसमालोचनाको सैद्धान्तिक अवधारणा प्रस्तुत गरिनाका साथै उदाहरणका लागि एउटा प्रायोगिक स्वरूप पनि प्रस्तुत गरिएको छ । यसका लागि आधारकृतिका रूपमा मुनामदन खण्डकाव्य चयन गरिएको छ । परम्परागत समालोचनाका आधारमा कुनै पनि कृतिलाई विश्लेषण गर्ने अभ्यास भइरहेकामा यस अनुसन्धानात्मक लेखले कृतिविश्लेषणका लागि नवीन आधार दिने विश्वास गरिएको छ ।*

**शब्दकुञ्जी:** अवधारणा, तुलनात्मकता, निसमालोचना, प्रायोगिक, सिद्धान्तीकरण ।

**विषयप्रवेश**

निसमालोचना समालोचनासम्बन्धी नवीन अवधारणा हो । प्रस्तुत समालोचनासँग सम्बन्धित सामग्री अति न्यून सङ्ख्यामा रहेका देखिन्छन् तापनि तिनमा यसलाई सिद्धान्तीकरण गर्ने प्रयास गरिएको पाइन्छ । निसमालोचना नभने पनि निसमालोचनाका ढाँचामा लेखिएका प्रायोगिक वा व्यावहारिक सामग्रीको सङ्ख्या भने सैद्धान्तिक समालोचनाको भन्दा धेरै रहेको पाइन्छ । नेपालीमा जेजति निसमालोचना लेखिएका छन् ती लेखकअनुसार आआफ्नै ढाँचाका छन् र तिनमा निसमालोचनाका सबै अभिलक्षण पाइँदैनन् । यसअघि लेखिएको *निसमालोचना : सिद्धान्त र प्रयोग* (२०७८) नै निसमालोचनाको अवधारणाबारे चर्चा गरिएको पहिलो पुस्तकाकार कृति हो । प्रस्तुत कृतिभन्दा अघि अन्य प्रसङ्गमा यसबारे सङ्क्षिप्त रूपमा उल्लेख गरिएको पाइए पनि निसमालोचनालाई नै मुख्य विषय बनाई लेखिएको सिङ्गो कृति भने हालसम्म उपर्युल्लिखित एउटा पुस्तक मात्र भेटिएको छ ।

जुनसुकै भाषाका साहित्यमा समालोचनाभन्दा कविता, कथा आदि सिर्जनात्मक विधाका कृति बढी पढिन्छन् ।

*Copyright 2024© the Author(s)*

सङ्ख्याका दृष्टिले हेर्दा पनि समालोचनाभन्दा सिर्जनात्मक विधाका कृतिको मात्रा बढी रहेको पाइन्छ । समालोचनालाई सिर्जनाको अनुवर्ती रचना मान्ने गरिएका कारण पनि यसको सङ्ख्या कम हुनु स्वाभाविक हो । अझ आजभोलि समालोचनालेखनलाई अति प्राविधिक वा जटिल बनाइएकाले एकातिर यसको लेखनमा नै कठिनता देखिएको छ भने अर्कातिर यस विधातिर पाठकको रुचि कम हुँदै गइरहेको छ । यसको लेखनलाई जति जटिल बनाउँदै लगिन्छ त्यति नै यसका लेखक र पाठक कम हुँदै जाने सम्भावना छ । यस कुरालाई समेत दृष्टिगत गरी निसमालोचनाको अवधारणा ल्याइएको हो । प्रस्तुत लेखमा यस समालोचनाको सैद्धान्तिक अवधारणालाई प्रस्ट पार्ने कोसिस गरिएको छ । यस सिलसिलामा एउटा उदाहरण प्रस्तुत गरी यसको प्रायोगिक स्वरूपबारे पनि प्रस्ट पारिएको छ ।

**निबन्ध र समालोचनाको अर्थ एवम् सम्बन्ध**

आख्यानेतर गद्यका दृष्टिले निबन्ध र समालोचनाका बिच निकट सम्बन्ध रहेको पाइन्छ । निसमालोचनामा निबन्ध र समालोचना दुवैका विशेषता पाइने भएका कारण यिनका बारेमा सङ्क्षिप्त रूपमा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

परम्परागत दृष्टिले साहित्यलाई वर्गीकरण गर्दा कविता, आख्यान, निबन्ध र नाटक गरी चारवटा विधा देखिन्छन् । यस वर्गीकरणअनुसार समालोचना पनि निबन्धभित्रै समेटिन्छ तर यी विधाहरूलाई आकार, भाषाशैली, संरचना, उद्देश्य आदि दृष्टिले सूक्ष्म रूपमा हेर्दा विधाको सङ्ख्या चारभन्दा धेरै देखिनाका साथै समालोचना पनि निबन्धबाट बेग्लिन्छ । विधागत दृष्टिले निबन्ध र समालोचनाको सम्बन्ध निकट रहेकाले यहाँ क्रमशः यी दुवैको छोटो परिचय प्रस्तुत गरिन्छ ।

बन्ध् धातुमा नि उपसर्ग र अ प्रत्यय लागेर बनेको निबन्ध शब्दको अर्थ राम्रा किसिमले बाँध्नु भन्ने हुन्छ । यसरी शब्दगत रूपमा र साहित्यका सन्दर्भमा तात्पर्यगत अर्थ हेर्दा निबन्ध अन्य विधाभन्दा जटिल रचनाप्रक्रिया भएको कठिन विधा हो कि भनेजस्तो बुझिन्छ तर यसको ढाँचा र प्रक्रिया सरल र स्वतन्त्र हुन्छ । निबन्ध शब्द अङ्ग्रेजी भाषाको एस्सेको नेपाली रूपान्तर हो । एस्सेको अर्थ कोसिस वा प्रयास गर्नु भन्ने हुन्छ । निबन्धमा लेखकले जुन तरिकाले भए पनि आफूलाई व्यक्त गर्न कोसिस गर्ने हुँदा यस विधालाई निबन्धभन्दा एस्से शब्दले अझ प्रस्ट पारेको बुझिन्छ । शब्दार्थ जेजस्तो भए पनि प्रयोग हेर्दा निबन्ध अन्य विधाभन्दा विषयक्षेत्रका दृष्टिले व्यापक, लेखनशैलीका दृष्टिले विविधतामय, आकारका दृष्टिले लघु र प्रस्तुतिका दृष्टिले रोचक विधा हो । जुन भाषाको गद्यलेखन जति समृद्ध हुन्छ त्यस भाषाको निबन्ध पनि त्यति नै उत्कृष्ट हुन्छ । निबन्ध उत्कृष्ट र गहन हुनका लागि स्रष्टाको प्रतिभा र अभ्यासको पनि उत्तिकै खाँचो पर्दछ ।

निबन्धजस्तै समालोचना पनि संस्कृत शब्द हो । संस्कृतको हेर्नु अर्थ दिने लोचृ वा लोच् धातुद्वारा निर्मित समालोचना शब्द (वर्मा २०२०, पृ.१२०) ले कुनै पनि वस्तुलाई राम्रा किसिमले सबैतिरबाट नियाल्नु भन्ने अर्थ दिन्छ । साहित्यका सन्दर्भमा भन्दा "सिर्जनात्मक कृति वा स्रष्टाको गुण-दोष निरूपण गरी त्यसको मूल्यनिर्णय गर्ने कार्य वा पद्धतिलाई समालोचना भनिन्छ (पौड्याल, २०७८, पृ.३) । यसले एकातर्फ साहित्यिक कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्दछ भने अर्कातर्फ साहित्यका विधाहरूको स्वरूप, तत्त्व आदि पक्षबारे जानकारी दिनाका साथै तिनको अध्ययन गर्ने आधार पनि निर्माण गर्दछ (पौड्याल, २०७८, पृ.३) । समग्रमा भन्दा कृति एवं कृतिकारका विशेषता, कमजोरी, महत्त्व आदि पक्षबारे उल्लेख गरिएको सामग्रीमात्र समालोचना नभई विधागत परिचय दिइएको र कृतिको विश्लेषण गर्ने आधार उल्लेख गरिएको सामग्री पनि समालोचना नै हो । यस भनाइबाट समालोचना प्रायोगिक र सैद्धान्तिक गरी दुई प्रकारको हुने कुरा बुझिन्छ ।

निबन्ध र समालोचनाको परिचयसँग सम्बन्धित उपर्युल्लिखित दुईवटा अनुच्छेदबाट निबन्ध र समालोचना फरक फरक विधा हुन् भन्ने कुराका साथै यिनका बिच केही मात्रामा समानता रहेको पनि बुझिन्छ । यिनका बिचको भिन्नता र समानतालाई तुलना गरी अझ स्पष्ट पारिन्छ ।

परम्परित दृष्टिले हेर्दा निबन्ध मूलतः आत्मपरक हुन्छ भने समालोचना वस्तुपरक हुन्छ । निबन्धको थालनी स्रष्टाले आफ्नो इच्छानुसार गर्न सक्दछ भने समालोचना निश्चित ढाँचामा आधारित हुन्छ । अझ अनुसन्धानमा आधारित समालोचना बढी जटिल प्रकृतिको हुन्छ । निबन्ध लेख्दा व्याकरणिक पदक्रमको वास्ता गरिँदैन भने समालोचनामा यसको पालना गरिन्छ । अपेक्षाकृत रूपमा समालोचना निबन्धभन्दा लामो हुन्छ । समालोचनाको भन्दा निबन्धको विषयक्षेत्र धेरै फराकिलो हुन्छ । निबन्धलाई सिर्जनात्मक विधाका रूपमा लिइन्छ भने समालोचनालाई त्यसको अनुवर्ती लेखनका रूपमा लिइन्छ । समालोचना निबन्धको मात्र नभई साहित्यका अन्य विधाहरूको पनि अनुवर्ती हुन्छ र ती विधाहरूको पारख गर्ने कसीका रूपमा रहन्छ (कँडेल, २०५५, पृ.क) । निबन्धमा अनुभूति र हार्दिकताको मात्रा बढी रहन्छ भने समालोचनामा वस्तुपरकता र बौद्धिकताको मात्रा धेरै रहेको हुन्छ । यसरी निबन्ध र समालोचनाका बिच धेरै कुरामा भिन्नता रहेको देखिन्छ तापनि कतिपय कुरामा समानता रहेको पाइन्छ । निबन्ध र समालोचना दुवै विधा आकारका दृष्टिले करिब निकट देखिन्छन् । दुवै गद्यमा लेखिने साहित्यिक विधा हुन् । साहित्यका मुख्य चारवटा विधाभित्र निबन्ध पर्दछ र समालोचनालाई पनि त्यसैभित्र राख्ने गरिएको छ । समालोचनाका लागि चाहिने बौद्धिकताले निबन्धलाई गहन बनाउने र निबन्धमा प्रयोग गरिने सुललित भाषाशैलीले समालोचनालाई रोचक बनाउने हुँदा यी दुवै एकअर्काका सहयोगीजस्ता देखिन्छन् ।

निबन्ध र समालोचनाको परिचयका सन्दर्भमा निबन्धात्मक समालोचना र समालोचनात्मक निबन्धका सम्बन्धमा पनि चर्चा गर्न आवश्यक देखिन्छ । नेपालीमा निबन्ध र समालोचना दुवैका विशेषताले युक्त लेखनलाई नैबन्धिक समालोचना वा निबन्धात्मक समालोचना भन्ने गरिए पनि निबन्धगत र समालोचनागत विशेषताको मात्राका आधारमा छुट्ट्याउँदा निबन्धतत्त्व धेरै रहेको लेखनलाई समालोचनात्मक निबन्ध र समालोचनाका विशेषता धेरै भएको लेखनलाई निबन्धात्मक समालोचना भन्न उपयुक्त हुन्छ । यी दुवै प्रकारका लेखनमा सिर्जनात्मक लेखनमा पाइने भाषिक विशिष्टता एवं समालोचनात्मक लेखनमा पाइने विवेचनात्मकताजस्ता विशेषता पाइन्छन् (पौड्याल, २०७८, पृ.७) तर तिनको मात्रा भने फरक रहेको हुन्छ । समालोचनात्मक निबन्धमा निबन्धको मात्रा बढी रहेको हुन्छ भने निबन्धात्मक समालोचनामा समालोचनाको मात्रा अधिक रहेको हुन्छ । यिनका बिच उद्देश्यमा पनि भिन्नता रहेको हुन्छ । उदाहरणका लागि निबन्धका शैलीमा लेखिए पनि समालोचना गर्ने उद्देश्य राखिएकाले लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित *स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा* नामक कृतिभित्रका लेखहरू निबन्धात्मक समालोचना हुन् भने लक्ष्मी निबन्धसङ्ग्रहभित्रका साहित्यकारसम्बन्धी निबन्धहरू समालोचनात्मक निबन्ध हुन् (पौड्याल, २०७८, पृ.७) । यी दुवै प्रकारका लेखनमा निबन्ध र समालोचनाका विशेषता पाइने भए पनि निबन्धात्मक समालोचनामा समालोचनाका विशेषता बढी पाइने र उद्देश्य पनि समालोचना गर्ने रहेको हुँदा निबन्धात्मक समालोचना निसमालोचनाका निकटको लेखन मानिन्छ । यही लेखन निसमालोचनाका तत्त्व र प्रवृत्तिगत विशेषताले युक्त भएमा स्वतः निसमालोचना बन्दछ ।

**निसमालोचनाको अर्थ र स्वरूप**

निसमालोचना स्थापित सिद्धान्त नभई समालोचना गर्ने पद्धतिसम्बन्धी नवमान्यता हो । आजभन्दा धेरै दशकअघिदेखि नै निसमालोचनाको स्वरूपसँग मिल्ने लेखनको थालनी भएको पाइए पनि तिनलाई निसमालोचना नै भनिएको पाइँदैन र यसको स्वरूपबारे स्पष्ट रूपमा उल्लेख गरिएको पनि देखिँदैन । निसमालोचनासम्बन्धी सैद्धान्तिक अवधारणा भर्खर स्थापित हुँदै छ ।

निसमालोचना समालोचनाका अगाडि नि लागेर बनेको शब्द हो । विशेष प्रकारले भन्ने अर्थ जनाउने 'नि' संस्कृतको उपसर्ग हो तापनि यहाँ 'नि'लाई निबन्धको सङ्क्षिप्त रूपका अर्थमा लिइएको छ । यसलाई विशेष प्रकार भन्ने अर्थमा पनि

लिन सकिन्छ । निबन्धको संङ्क्षिप्त रूपका अर्थमा लिँदा जसरी यात्रामा 'नि' लागेर नियात्रा र वार्तामा 'नि' लागेर निवार्ता बनेको हो त्यसरी नै निसमालोचना पनि समालोचनामा 'नि' लागेर बनेको हो । यसले निबन्धात्मक समालोचना भन्ने अर्थ दिन्छ । समालोचनामा 'नि' उपसर्ग लगाउँदा पनि निसमालोचना शब्द बन्दछ तर यस शब्दले निबन्धात्मक समालोचना भन्ने अर्थ नबुझाएर विशेष प्रकारको समालोचना भन्ने अर्थ बुझाउँछ । यहाँ विशेष प्रकार भन्नाले निश्चित ढाँचा अवलम्बन गरी वस्तुपरक रूपमा लेखिने परम्परागत समालोचनाभन्दा भिन्न प्रकारको समालोचना भन्ने अर्थ बुझ्नुपर्दछ । यो पूर्ण रूपमा निबन्धजस्तो हुँदैन र वस्तुगत रूपमा लेखिने समालोचनाजस्तो मात्र पनि हुँदैन । यो सिर्जनात्मक प्रकृतिको हुन्छ । यसलाई निबन्धात्मक समालोचना, समालोचनामूलक निबन्ध, नैबन्धिक समालोचना वा यस्तै अन्य कुनै संज्ञा दिनभन्दा एउटै शब्द निसमालोचना भन्न उपयुक्त भएकाले यो नाम दिइएको हो । यसको भाषाशैली निबन्धको जस्तो र उद्देश्य समालोचना गर्ने भएका कारण यसलाई निसमालोचनाको संज्ञा दिनु उपयुक्त हुने देखिन्छ । यसको स्वरूपका सम्बन्धमा बुझ्नका लागि तत्त्व र विशेषताबारे पनि चर्चा गर्न आवश्यक देखिएकाले तल तिनको उल्लेख गरिएको छ ।

**निसमालोचनाका तत्त्व**

निसमालोचना समालोचनाको नयाँ शैलीमा आधारित पद्धति भएकाले यसका आवश्यक तत्त्व पनि मौलिक किसिमका छन् । शब्द सुन्दा पुरानै भए पनि तिनको प्रयोगमा नवीनता पाइन्छ । यसको स्वरूपसंरचना मौलिक भएका कारण तत्त्वमा पनि नवीनता हुनु स्वाभाविक मानिन्छ । सूक्ष्म किसिमले हेर्दा यसका तत्त्व वा संरचक घटक धेरै देखिन सक्ने भए पनि मुख्य घटकका रूपमा शीर्षक, भाषाशैली र उद्देश्य गरी तीनवटा रहेका छन् । यहाँ तिनका बारेमा छोटकरीमा चर्चा गरिन्छ ।

'शीर्षक' साहित्यका सबैजसो विधाको अनिवार्य तत्त्व मानिन्छ । हुन ता तीन हरफे हाइकु, चार हरफे मुक्तक, आठदस हरफमा संरचित गजल आदि विधाका फुटकर रचनामा शीर्षक नराख्ने गरेको पाइन्छ तापनि अन्य विधाका रचनाका लागि शीर्षकयोजना अनिवार्य ठानिन्छ । सङ्ग्रहका रूपमा आउँदा भने शीर्षक नराखिने उपर्युल्लिखित विधाका कृतिमा पनि शीर्षक अनिवार्य नै ठानिन्छ । निसमालोचनाको शीर्षक यस्तो नै हुनुपर्दछ भन्ने कुनै कठोर नियम छैन तथापि समालोचना गरिने विषयक्षेत्र वा पक्षसँग सम्बन्धित हुनुपर्दछ । यसको शीर्षक समालोचनाको जस्तै अभिधामूलक हुन सक्दछ तापनि निबन्धको जस्तो आलङ्कारिक वा प्रतीकात्मक अथवा व्यङ्ग्यात्मक हुनु राम्रो हुन्छ । दृष्टान्तका लागि भूपी शेरचनको "यो हल्लै हल्लाको देश हो" शीर्षकको कविताको समालोचना गर्दा "अझै हल्लाले छोडेको छैन भूपी" वा "हल्लामा बाँचेको देश" अथवा यस्तै अन्य शीर्षक राख्न सकिन्छ । शीर्षक जस्तोसुकै राखे पनि त्यो छोटो, निबन्धको जस्तै आकर्षक र आलङ्कारिक हुनु राम्रो मानिन्छ ।

निसमालोचनाको भाषाशैली पनि शीर्षकजस्तै रोचक हुनुपर्दछ । साहित्यमा भाषा र शैली जुनसुकै विधाका लागि आवश्यक मात्र मानिँदैनन् अनिवार्य नै ठानिन्छन् । त्यसमा पनि निसमालोचना निबन्ध र समालोचना दुवैका विशेषताले युक्त भएका कारण अझ महत्त्वपूर्ण ठानिन्छ । कृतिका गुणदोषलाई निबन्धको भाषाशैलीका माध्यमले प्रस्तुत गरिने हुँदा अन्य विधाको भन्दा निसमालोचनाको भाषाशैली फरक हुनु स्वाभाविक र अनिवार्य छ । यसमा आलङ्कारिक भइकन पनि सरल भाषा चयन, एकाधिक दृष्टिबिन्दुको प्रयोग, निबन्धको जस्तै संवादात्मक, आख्यानात्मक, पत्रात्मक, व्यङ्ग्यात्मक, एकालापीय आदि किसिमको शैली, पदक्रम विचलनयुक्त भाषा, आत्मपरकता इत्यादि भाषाशैलीसँग सम्बन्धित कुरामा विशेष ध्यान दिनुपर्दछ ।

यसको तेस्रो तत्त्व उद्देश्य हो । समालोचनाको उद्देश्य गृहीत कृति, व्यक्ति वा विषयका सबल र दुर्बल पक्षको निरूपण गरी पक्षपातरहित किसिमले मूल्यनिर्णय प्रस्तुत गर्नु हो (त्रिपाठी, २०६६, पृ.३१-३४) । निसमालोचना सिर्जनात्मक

ढाँचाको लेखन भए पनि मूलतः समालोचना नै भएकाले यसको ध्येय पनि तटस्थ रूपमा विश्लेषण गर्नु हो । सङ्क्षेपमा भन्दा निसमालोचनाको उद्देश्य एकातर्फ कृति वा विषयको तटस्थ रूपमा विश्लेषण गर्नु हो भने अर्कातर्फ समालोचना पढ्दा पाठकलाई सिर्जनात्मक रचना पढेको अनुभूति दिनु हो । परम्परित समालोचनाबाट विमुख हुन लागेका पाठकलाई समालोचनातर्फ आकर्षित गराउनु र समालोचकहरूलाई पनि आफ्नो अनुभूतिसहित आआफ्नै शैलीमा समालोचना गर्न सकिन्छ भनी यसको क्षेत्र विस्तार गरेर देखाउनु हो । अतः निसमालोचनाले लेखक र पाठकलाई निकट तुल्याउने उद्देश्य राखेको हुन्छ ।

**निसमालोचनाका प्रवृत्तिगत विशेषता**

विशेषता भनेको कुनै पनि व्यक्ति वा वस्तुको परिचयात्मक अभिलक्षण हो । निसमालोचनाको लेखनशैली निबन्धको जस्तो हुने र उद्देश्य समालोचना गर्ने भएका कारण यसका केही विशेषता निबन्धसँग र केही समालोचनासँग मिल्दछन् । खासमा यो स्थापित दुई विधाका योगबाट बनेको नयाँ विधा भएका कारण यसका केही विशेषता मौलिक प्रकृतिका छन् । यसका खास खास विशेषता निम्नलिखित सातवटा छन्ः

क) समालोचकीयता

निसमालोचना भन्ने नामले नै यसलाई समालोचनाको एक प्रकार भन्ने बुझाएको छ । यो समालोचना भए पनि निबन्धका निकटको रचना भएकाले निबन्धात्मक विशेषताले युक्त हुन्छ । मूलतः यो समालोचना भएकाले यसले कृति, व्यक्ति, सिद्धान्त, प्रवृत्ति आदि कलापक्षसँग सम्बन्धित व्यापक विषयक्षेत्रको समालोचना गर्दछ । यसले साहित्यिक कृतिको विश्लेषण गर्दा पूर्वीय तथा पाश्चात्य कुनै वाद वा प्रणाली अवलम्बन गर्न पनि सक्दछ र विधातत्त्वलाई आधार बनाउन पनि सक्दछ । जुन विषयको समालोचना गरे पनि र जुन आधारमा गरे पनि यसले समालोचकीय धर्म पालना गर्दछ । यसले लेखनको शैली आत्मपरक भए पनि तथ्यपरकतालाई छोड्दैन ।

ख) निबन्धात्मकता

निसमालोचनाको खास विशषेता भनेको नै निबन्धात्मकता हो । यही गुणले समालोचनालाई सिर्जनात्मक रचनाका नजिक पुऱ्याउँछ र पाठकलाई निरस समालोचना होइन, सरस सिर्जना पढेको अनुभूति दिलाउँछ । निबन्धका ढाँचामा लेखिने समालोचना भएको हुँदा यो नवीन अर्थात् मौलिक स्वरूपको हुन्छ । परम्परित समालोचनामा जस्तो यसमा विषयपरिचय, पृष्ठभूमि, निष्कर्ष आदि शीर्षक रहँदैनन् । निबन्धमा जस्तै यसमा विषयको उठान जसरी पनि गर्न सकिन्छ । यसको लेखनढाँचा पत्रात्मक, संवादात्मक आदि जुनसुकै प्रकारको हुन सक्दछ । मपात्रकै अनुभव र अनुभूतिमा आधारित भएर लेखिने यो समालोचना सिर्जनाधर्मी समालोचना हो । यही निबन्धात्मक विशेषताले गर्दा नै यसको नाम निसमालोचना रहेको हो ।

ग) तुलनात्मकता

तुलना निसमालोचनाको एउटा विशेषता हो । हुन ता नेपाली साहित्यका क्षेत्रमा तारानाथ शर्माका निबन्ध एवं समालोचना र रामकृष्ण शर्माका समालोचनामा तुलना गरी विषयलाई रोचक बनाइएको पाइन्छ तर त्यो व्यक्तिको इच्छामा भर पर्ने कुरा हो । निबन्ध र परम्परित समालोचनामा यसको अनिवार्य आवश्यकता पर्दैन । निसमालोचनामा भने प्रामाणिक र रोचक बनाउन तुलनाको पनि आवश्यकता पर्दछ । निसमालोचनामा विवेच्य कृति वा स्रष्टाका विशेषता वा कमजोरीलाई मिल्दो अन्य विषयसन्दर्भसँग तुलना गरी प्रभावकारी रूपमा प्रस्तुत गरिन्छ । "तुलना गर्दा विषय, शैली, प्रवृत्ति आदि कुनै एक वा बहुपक्षको गर्न सकिन्छ" (पौड्याल, २०७८, पृ.१३) । यसबाट कृति वा स्रष्टाको स्तरीयता मापन गर्न सहयोग पुग्दछ ।

खास खास सन्दर्भमा तुलना गर्दा निसमालोचना आकर्षक बन्दछ भने यसको अत्यधिक प्रयोगले रचनाको सुन्दरतामा बाधा पुऱ्याउँछ। अतः तुलना गर्दा औचित्य, प्रासङ्गिकता र रोचकतामा ध्यान दिन आवश्यक छ।

घ) सन्दर्भस्रोतको उल्लेख

लेखनशैली निबन्धको भए पनि निसमालोचना समालोचनाकै एक प्रकार भएको हुँदा यसमा कुनै मान्यताको खण्डन-मण्डन गरी आफ्नो भनाइलाई पुष्टि गर्नका लागि सन्दर्भसामग्री प्रयोग गरिन्छ र त्यसको स्रोत पनि खुलाइन्छ। सन्दर्भको उल्लेख प्रत्यक्ष वा परोक्ष दुवै किसिमले गर्न सकिन्छ। स्रोतसन्दर्भ उल्लेख गर्दा कुन पद्धति अवलम्बन गर्ने भन्ने कुरा लेखकको इच्छामा भर पर्दछ। निबन्धात्मक शैलीको लेखन भए पनि यसमा सन्दर्भ उल्लेख गरेका सामग्रीको विवरण सन्दर्भग्रन्थसूचीमा उल्लेख गरी आधिकारिकता दिइन्छ।

ङ) व्यङ्ग्यात्मकता

मुख्यतः समालोचना व्यङ्ग्यात्मक विधा होइन। खासमा व्यङ्ग्य निबन्धको एक शैली हो। निसमालोचना निबन्ध र समालोचना दुवैका विशेषताले युक्त रचना भएका कारण यसमा व्यङ्ग्य रहन्छ। यसले लेखाइलाई आकर्षक वा प्रभावकारी बनाउन मद्दत गर्दछ। निबन्धमा प्रायः व्यङ्ग्यसँगै हास्यको पनि उपस्थिति रहेको पाइन्छ भने निसमालोचनामा मुख्यतः व्यङ्ग्यको महत्त्व हुन्छ। यसमा प्रयुक्त व्यङ्ग्य ठाडो वा व्यक्तिलाई घोचपेच गर्ने किसिमको नभई व्यञ्जनात्मक वा आलङ्कारिक हुन्छ।

च) अनौपचारिक शैली

निसमालोचना अनौपचारिक शैलीमा लेखिन्छ। यहाँ "अनौपचारिकताले एकातिर निश्चित शैली वा एकै किसिमको ढाँचामा बाँधिएर लेखिने वस्तुपरक समालोचनालेखनका विपरीततालाई बुझाउँछ भने अर्कातिर सोझो रूपमा वर्णन गरिने भाषा वा अभिधाप्रधान प्रबन्धलेखनका विपरीततालाई बुझाउँछ" (पौड्याल, २०७८, पृ.१५)। यसको थालनीदेखि अन्त्यसम्म यस्तै हुनुपर्दछ भन्ने निश्चित ढाँचा हुँदैन। लेखकले आफ्नो रुचिअनुसार आफूलाई उपस्थित गराएर वा नगराएर विषयलाई जसरी पनि विश्लेषण गर्न सक्दछ। यसमा अन्य पुरुषको प्रयोग गरिए पनि म-हामीका रूपमा प्रथप पुरुषले पनि उत्तिकै स्थान पाउन सक्दछ। यसमा समालोचनामा जस्तो उनी, तिनी, छन् आदि सामान्य आदर बुझाउने शब्दका साथै वहाँ, हजुर, लेख्नुहुन्छ आदि उच्च आदर बुझाउने शब्दको पनि प्रयोग गर्न सकिन्छ। यही अनौपचारिक शैलीका कारण निसमालोचनामा निबन्धका विशेषता समाहित भएका हुन्छन् र समालोचनाले परम्परित ढाँचाबाट छुट्टिई सिर्जनात्मक स्वरूप प्राप्त गरेको हुन्छ। निसमालोचना सिर्जनाको अनुवर्ती मात्र नभई सिर्जनात्मक पनि हुन्छ।

छ) सरलता, सरसता र रोचकता

समालोचना बढी ढाँचाबद्ध भयो, बढी प्राध्यापकीय वा जटिल भयो, व्यक्तिगत गन्थनले भरिएका कारण समालोचना समालोचनाजस्तै भएन आदि किसिमका अभिव्यक्ति सुनिने गरेका सन्दर्भमा निसमालोचनाको अवधारणा ल्याइएकाले स्वतः नै यो लेखिँदै आइएको समालोचनाभन्दा बढी सरल, सरस र रोचक हुन आवश्यक छ। तसर्थ यसमा प्रयोग गरिने भाषाशैली सरल हुन आवश्यक छ। सरल शब्दावलीको थुप्रो लगाएर मात्र कुनै पनि रचना सुन्दर हुँदैन, विषयभावअनुसार उपयुक्त र रोचक पनि हुन आवश्यक छ। यस कुरालाई दृष्टिगत गरी निसमालोचनामा सरल भाषाशैलीको प्रयोग गरिन्छ। निसमालोचनामा पाठकले लेखनकलाबाट सिर्जनाका तहको आनन्द लिन सकुन् र आनन्द लिँदालिँदै विश्लेषित सामग्रीको सार सजिलैसँग ग्रहण गर्न सकुन् भन्ने अपेक्षा गरिने हुँदा यसको भाषाशैली सरल, सरस र रोचक हुन आवश्यक छ।

अन्तर्वार्ता, सम्बोधन, एकालाप, व्यङ्ग्य आदि फरक फरक शैलीमा लेख्न सकिने हुँदा निसमालोचना निश्चित ढाँचामा लेखिने परम्परित समालोचनाभन्दा स्वतः रोचक हुन्छ ।

यिनै विशेषताका कारण निसमालोचना समालोचक र सामान्य पाठकका लागि पनि कविता, कथा आदि सिर्जनात्मक विधाजस्तै रुचिको विषय हुने अपेक्षा गरिएको छ । करिब निसमालोचाकै ढाँचाका रचना वा लेख लक्ष्मीप्रसाद देवकोटा, तारानाथ शर्मा आदि स्रष्टाबाट लेखिँदै आएका देखिन्छन् र तिनका रचना रुचिका साथ पढिएका पाइन्छन् । यसबाट पनि आगामी दिनमा निसमालोचनाप्रति आकर्षण बढ्दै जाने देखिन्छ ।

**निसमालोचनाको प्रायोगिक ढाँचा**

निसमालोचना अन्तर्वार्तात्मक, चिठीपत्रात्मक, संस्मरणात्मक आदि फरक फरक ढाँचा अवलम्बन गरेर लेख्न सकिन्छ । यहाँ देवकोटालाई तिमी भनी सम्बोधन गरेर थालनी गरिएको छ र उनको *मुनामदन* खण्डकाव्यको समालोचना गरिएको छ । कृतिको समालोचनाका क्रममा भने मदनपात्रलाई तिमी भनी सम्बोधन गरिएको छ र उनैका केन्द्रीयतामा विषयवस्तु अध्ययन गरिएको छ । समालोचना गर्दा कृतिका विविध पक्षको उद्घाटन गर्न सकिने भए पनि यहाँ सहरमा बस्ने निम्नवर्गीय पात्र मुना र मदनको वियोगजन्य अवस्थालाई आधार बनाई गरिबको नियति आज पनि उस्तै रहेको छ भन्ने कुरा जनाइएको छ । यससँगै वर्तमान परिवेशमा देखिएका विसङ्गत पक्षको पनि प्रसङ्ग जोडिएर आएको छ । कुनै पनि सिर्जनाको शीर्षक बिचमा राख्ने चलन भएकाले यहाँ पनि बायाँपट्टि नराखी यसरी बिचमा नै राखिएको छ ः

**अझै जिउँदो छ मुना र मदनको नियति**

महाकवि !

तिम्रो उचाइ थप्नका लागि भीमकाय *शाकुन्तल*को अवश्य ठुलो भूमिका छ । *सुलोचना* र *कुञ्जिनी*ले पनि सघाएका छन् । *सावित्री सत्यवान्* र *चम्पा*हरूको सहयोग पनि अविस्मरणीय रहेको छ । त्यसो त तिमीलाई *भिखारी*हरूले पनि सघाएकै हुन्, गुन नबिर्सनू । सबैको सहयोग छ तापनि तिमीलाई हरेकका मन मनमा बसाउन र शिखरमा पुऱ्याउनमा सबभन्दा ठुलो हात तिम्रा उही परम हितैषी मुना र मदनको छ । उनीहरूको आफ्नो जीवन सुखद रहेन तर तिम्रो नाम चम्काउन उनीहरूले कुनै कसर बाँकी राखेनन् । तिम्रो यस विचारदृष्टिलाई उनीहरूले कार्यान्वयन गरेर देखाइदिए ः

के हो अहो ! अमृत त्यो सुरदेव पान ?
सच्चा कमाइ गरिखानु भनेर जान ।
खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ?
आफू मिटाइ अरूलाई दिनू जहाँ छ ।
(*भिखारी*, 'प्रश्नोत्तर' पृ.२२)

हो, तिमीले भनेजस्तो उनीहरूले न आत्मिक सुख पाए न भौतिक तर आफू मेटिए पनि तिमीलाई त बँचाए नि । भानुभक्त आचार्यलाई मोतीराम भट्टले जस्तै तिमीलाई मुना र मदनले परिचित मात्र गराएनन्, उचाइ पनि थपिदिए । सायद यस कुरामा तिम्रो पनि विश्वास र सहमति छ, नत्र किन भन्थ्यौ-"मेरा सबै कृति जलाइदिनू, 'मुनामदन' मात्र रहिरहोस्" (देवकोटा, २०५८, पृ.३९२) । यसरी लेखकलाई आफ्नो लेखनप्रति विश्वास हुनु भनेको पाठकप्रतिको न्याय पनि हो । उनीहरूको योगदान केवल तिमीलाई माथि उठाउनमा मात्र सीमित छैन, नेपाली साहित्यको एउटा धारा (स्वच्छन्दतावादी) प्रवर्तन गर्नमा पनि छ (अवस्थी, २०६८, पृ.१०) । खोज्ने हो भने अरू पनि भेटिन्छन् उनीहरूका विशेषता ।

आज यस संसारमा न तिम्रो भौतिक शरीर छ, न मुना र मदनको तर तिम्रो कार्यपरिणति एवम् मुना र मदनले तिमीप्रति लगाएको गुनका कारण तिमी पनि अमर छौ अनि छन् मुना र मदन (यसपछि दुवैलाई बुझाउन मुनामदन भनिने) पनि । तिमीलाई धेरै जनाले धेरै धेरै सम्झिरहेका छन् परन्तु मुनामदनलाई अरूहरूले कम सम्झेका हुँदा आज म उनैलाई सम्झिरहेको छु ।

मदन !

तिमीले पारिवारिक दायित्वबोधका कारण जुन किसिमको दुःख पायौ, त्यसका लागि हृदयतः सहानुभूति प्रकट गर्दछु । मुना र आमासहित तीन जनाको छोटो परिवार भए पनि र राजधानी निवासी भए पनि तिम्रो दैनिकी ठिकसँग चल्न सकिरहेको थिएन । राजधानी भनेर मात्र हुँदो रहेनछ । त्यहाँ त आकाश छुने महलका मालिक पनि हुँदा रहेछन् र अति विपन्न सर्वहारा पनि हुँदा रहेछन् । धेरै खाएर हजम गर्नका लागि पाचक खाने पनि हुँदा रहेछन्, खानै नपाएर जीवनदेखि हरेस खाने पनि हुँदा रहेछन् अनि नबाँच्नका लागि कोसिस गर्नेहरू पनि हुँदा रहेछन् । त्यसो त गाउँघरमा पनि पैसा सितिमिति प्रवेश गर्दैन । दाउरा प्रशस्त पाइने भए पनि हतपत्ती चुलो बल्न मान्दैन । सायद सम महोदयले यही देखेर लेखेका होलान्- *चिसो चूह्लो* । गाउँघरमा ओबानाभन्दा चिसा चुला धेरै भेटिन्छन् ।

तिमीलाई चुलो तताउन मन लाग्यो । तीन बिस हिउँद खाएकी आमाको धारा तथा पाटीपौवा बनाउने इरादा पूरा गर्न र उनलाई मिठोचोखो खुवाउन मन लाग्यो । मुनालाई पनि सुनका गहना लगाइदिने मन भयो । साहुको ऋण तिरेर सुखसन्तोषका साथ जीवन बिताउने रहर जाग्यो । यसरी सबै जनाको रहर पूरा गर्नका लागि तिम्रो मन धनमा अड्केको रहेछ र त तिमीले मुनाको यस अनुरोधलाई स्वीकार गरेका रहेनछौ ः

हातका मैला सुनका थैला के गर्नु धनले ?
साग र सिस्नु खाएको वेश आनन्दी मनले ! (*मुनामदन*, पृ.२)

बिचरा ! न मुनाको अनुरोध गलत थियो न तिम्रो अठोट । यो हामी तमाम निम्नवर्गका नेपाली दाजुभाइ र दिदीबहिनीहरूको नियति हो । यो आज (*मुनामदन* प्रकाशनवर्ष) देखिको समस्या होइन, धेरै अघिदेखि हामीले भोग्दै आएको समस्या हो । नवविवाहिता श्रीमतीलाई छोडेर रणमैदानका लागि वा कालापहाडमा कठिन परिश्रमका लागि प्रस्थान गर्दाको पीडा अचानोबाहेक अरूलाई के थाहा ! सासको आसमा अनिश्चित भविष्यसम्म प्रतीक्षामा बस्छु भनी मुक स्वीकृति दिनुपर्दाको वेदना खुकुरीलाई के थाहा !

धन नै कमाउनुपर्दछ भन्ने छैन, साग-सिस्नो खाएर भए पनि आनन्दसँग सँगै बसौँ भन्ने मुनाको आदर्शवचन नराम्रो होइन तर आजको समाजमा धन सबथोक नभए पनि केही न केही अवश्य हो । “छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी” भन्ने उखान त्यसै बनेको होइन । यसमा समाजको वास्तविकता प्रतिबिम्बित छ । तिमीमा पढाइको योग्यता कति थियो थाहा भएन तर व्यवहारको योग्यताभने पूर्ण रहेछ । यसैले तिमीले आजको सुख त्यागेर भोलिका लागि भोट जाने निधो गरी मुनासँग भनेका थियौ ः

उचालिहालेँ पयर ऐले इच्छाले उठायो ।
ईश्वरमाथि मुटु छ साथी जङ्घार तरूँला
असल गर्दा झन् बिघ्न परे बाटैमा मरूँला ।
पृथिवीपारि स्वर्गमा फेरि हे प्यारी भेटौँला । (पृ.३)

कुनै पनि काम गर्दा दोमनले गर्न हुँदैन । सफलता प्राप्त गरिछाड्छु भन्ने व्यक्तिमा एकलव्यको जस्तो मनमा विश्वास र अठोट पनि हुनुपर्दछ । गीतामा कृष्णले अर्जुनलाई भनेका थिए कि अर्जुन अब दोमन नगरी हतियार उठाऊ, विजय भए

पृथ्वीको राज्य भोग गर, मृत्यु भए स्वर्गलोक प्राप्त हुनेछ ( श्रीमद्भगवद्गीता, २/३७) । तिमीले पनि यही सोचेर मरिएछभने बरु पृथ्वीपारि भेटौँला तर आँटेपछि नगई छोड्दिन भनेका थियौ । तिम्रो यस निर्णयलाई म सलाम गर्छु । तिमी त कम्तिमा पनि यस धनयात्रामा स्वतन्त्र थियौ । हाम्रा कैयौँ दाजुभाइहरू रणमैदानमा जाँदा पनि यसरी नै आत्मबल बोकेर जानेगरेका थिए र त्यो क्रम आज पनि जारी छ । यसरी हातमुख जोर्नका लागि वा केही गर्नका लागि उत्तरतिर वा दक्षिणतिर पस्नुपर्ने नेपालीहरूको बाध्यात्मक चलन दुईअढाइ शताब्दीपूर्वदेखि चलिरहेकै छ। अन्ततः हाम्रा मुनाहरू “सवारी हवस् अँध्यारो पारी घर र शहरमा” (पृ.३) भन्न विवश छन् ।

ल्हासा जानु त्यो पनि श्रम-व्यापारका लागि । यो सामान्य कुरा थिएन । बाटो र मौसम उस्तै कठिन । छसात महिनासम्म नफर्किँदा घरमा मुना र आमा चिन्तित भए पनि तिमीभने उता कमाइधमाइमा भुलिरहेका थियौ । व्यापार फस्टाएको थियो । यसैबिच एक जना धनी लामालाई तिमीले घरेलु उपचार गरी ठिक बनाइदिएपछि उसले तिमीलाई सोचेभन्दा धेरै धनदौलत दिएको थियो । त्यसपछि तिमी धनदौलत (सुन, कस्तूरी आदि) लिई प्रफुल्ल भएर साथीहरूसँग घर फर्किँदै थियौ । त्यतिबेला तिम्रो मन धेरै फुलेल भएको थियो । त्यसको कुनै उपमा नै छैन ।

यसैबिच कालो बादलले पूरा आकाशै ढाक्यो । ल्हासाको आकाश मात्र ढाकेन, मुना र आमाको आकाश पनि ढाक्यो । उनीहरूको भविष्य एवं सपना नै छोपियो । आधुनिक सभ्यताको खोलभित्र लुकेको सुकुलगुन्डाले मदन मरेको भन्ने नक्कली चिठी पठाएर मुनाको घर, मन र तन सबै बर्बाद गऱ्यो भने उता प्राकृतिक प्रकोप हैजाले तिमीलाई बिचबाटामै जङ्गलभित्र इन्तु न चिन्तु बनाई लडायो । तिमीले साथीहरूसँग सहयोगको याचना नगरेका होइनौ :

यो घाँटी सुक्यो, यो छाती पोल्यो, यो आँसु पुछन
अझ छ सास, अझ छ आस, यो दर्द बुझन ।
आशिष देलिन्, ती बूढी आमा, मलाई बचाओ
मानिसको आँसु, मानिसले पुछ्नु, सबैको धर्म हो । (पृ.१९)

तर उनीहरूमा कलियुग प्रवेश गरिसकेकाले सुनेनन् । वर्ग उही भए पनि हावा सहरको लागेको थियो । हामीले भन्दा धेरै कमायो भन्ने कतै ईर्ष्या पनि हुँदो हो उनीहरूका अन्तस्तलमा । उनीहरूले होमा हो मिलाउँदै भने :

के गर्छौ भाइ ! टाढाको घर बाटाको जङ्गल
यो हैजा हाम्ले कुन्हेर बसे हुँदैन मङ्गल । (पृ.१९)

सहरका अपेक्षा गाउँघरमा मानिसजस्तै मानिस धेरै भेटिन्छन्, मानवता भेटिन्छ, मानवधर्म भेटिन्छ । गाउँमा लोभ राख्ने भाँडो साँघुरो हुन्छ । स्वार्थका धन्सारभन्दा दया राख्ने भकारी ठुला भेटिन्छन् । दानवभन्दा धेरै देव भेटिन्छन् । तिमी इन्तु न चिन्तु हुँदै रात पर्न लागेका बेला आमा र मुनालाई सम्झँदै जीवनका अन्तिम घडी गनिरहेका समयमा तिनै देवताले उद्धार गरेका थिए जो न परिचित थिए, न तिम्रा साथी थिए, न छिमेकी थिए अनि उनको न जात मिल्थ्यो तिमीसँग न धर्म । उनी थिए- मानवईश्वर- भोटे । जात, धर्म, वर्ग, क्षेत्र आदि सबै सबै साँघुरा घेरादेखि माथिका सच्चा मानव । तिम्रो त्यो अवस्था सम्झँदा मलाई भूपिनको *मैदारो*का तिनै नदीनपात्रको याद आयो जो पाँच वर्षसम्म एक्लै ओडारमा बसेका थिए । सायद मानिसलाई समयले पनि पाठ सिकाउँदो रहेछ । त्यतिबेला सबै किसिमका घेराबाट माथि उठेर तिमीले उद्धारक भोटेसँग भनेका थियौ :

क्षेत्रीको छोरो यो पाउ छुन्छ घिनले छुँदैन
मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन । (पृ.२०)

मैले त तिमीभन्दा पनि भोटेलाई अझ अब्बल देखेँ । तिमीले ‘मानिस जातले होइन, दिलले ठुलो हुन्छ’ भन्नुपूर्व नै

उनले स्वार्थविना तिम्रो उपचार गरेर व्यावहारिक रूपमा नै मानिस दिलले ठुलो हुन्छ भन्ने कुरा देखाइसकेका थिए । उनले सुन वा धनका लोभले तिम्रो उपचार गरेका थिएनन् । हिँड्ने बेलामा तिमीले सुन दिएर गुन तिर्न खोज्यौ र भन्यौ :

दुइटा मैला सुनका थैला वनमा गाडेको
यौटा हो तिम्रो यौटा हो मेरो गुनले बाँडेको
यो तिमी लेऊ बिदाइ देऊ म घर हिँड्दछु
यो तिम्रो गुन सधैँको सम्झी अगाडि बढ्दछु । (पृ.२९)

तिमीले प्रकट गरेको कृतज्ञता र कर्तव्य प्रशंसनीय नै छ तर तिमीलाई जुन अवस्थाबाट उद्धार गरेर भोटेले बँचाए त्यो अझै सीमातीत प्रशंसनीय छ । यो उनको महानता हो । यसरी कुनै लोभलालचको भावना नराखी स्वार्थरहित किसिमले सेवा गर्नु भनेको ठुला ठुला ठेली पढेर अरूलाई मानवताको पाठ पढाउनु र जीवनमुक्तिका लागि धार्मिक प्रवचन दिँदै हिँड्नुभन्दा असल कर्म हो । यो सबभन्दा ठुलो धर्म हो । मानिस सहरबाट जतिजति टाढा बस्छ, उसमा त्यति त्यति मानवताको पालुवा पलाउँदै र झाङ्गिँदै जाँदो रहेछ । भोटेले हामीलाई यो पाठ सिकाए । नदीका मुहानमा बस्ने र हिमालको उज्यालो ताप्नेहरूको मन पनि नदीको मुहानजस्तै पवित्र र हिउँजस्तै कञ्चन हुन्छ भन्ने पनि देखाए । सच्चा मानवतावादीहरूले सुनलाई होइन गुनलाई महत्त्व दिँदा रहेछन् । तिम्रो प्रस्तावलाई उनले कसरी अस्वीकार गरेका थिए, याद होला नि :

..... ........के गर्छ मैले पहैँलो सुनले ?
रोपेर सुन उम्रन्न क्यार के गर्छ सुनले ?
....... ....... .....
यो केटाकेटी खाँदैन सुन लाउँदैन गहना
आकाशमाथि जहान मेरो बादल छ गहना ।
........ ....... .......
..... ...... मौकाले पायो त्यो गुन लाउन
गुनको सट्टा लिँदैन हामी सम्झेर जाऊ न । (पृ.२९-३०)

समाजमा एकातर्फ यस्ता पवित्र आत्मा छन् भने अर्कातर्फ अर्काका घरमा आगो लगाएर ताप्दा आनन्द मान्ने दुरात्माहरू पनि छन् । मदन ! तिमी मरेको नक्कली चिठी पठाएर मुनाको जीवन लिने सहरको त्यो गुन्डो दुरात्माहरूको प्रतिनिधि पात्र हो । आमालाई मृत्युशय्या पुऱ्याउने पनि उही हो । म महसुस गर्छु कि तिमी हैजाबाट बाँची त्यत्रो सुनको थैलो लिएर घर पुग्दा आमा हेर्नमात्र सक्ने, बोल्न नसक्ने अवस्थामा हुनु कति पीडादायी भएहोला । मुना यस संसारमा नभएको कुरा सुनेपछि तिमीमा परेको चोटको के कुरा ! त्यसलाई जस्ताको त्यस्तै उतार्न भाषा अक्षम छ । आमासँग दोहोरो कुराकानी नभए पनि तिमीले भन्न त भन्यौ :

सुनका थैला लिएर आएँ चढाएँ पाउमा
पाटी र धारा बन्ने छ तिम्ले भनेको ठाउँमा । (पृ.३५)

तर सपना चकनाचुर भयो । न मुनाले सुनका बाला लगाउन पाइन्, न तिमीले साहुको ऋण तिरेर ढुक्कसँग जीवन व्यतीत गर्न पायौ, न आमाको इच्छा नै पूरा गर्न सक्यौ । तिमीहरू तीनै जनाले सोचाइका विपरीत जुन नियति भोग्न परेको थियो आज पनि तिमीजस्ता कैयौँ छोरा, छोरी, आमा, बा र बुहारीहरूले भोग्न परिरहेको छ । मदन ! करिब नब्बे वर्षसम्म पनि किन नफेरिएको होला हामीहरूजस्ताको जीवन ? यसको उत्तर कससँग मागौँ ? उत्तर नपाएर अन्यमनस्क भएका बेला एउटा भनाइको याद आयो । जाँ पाल सार्त्रले भनेका थिए रे : “मान्छेलाई निर्देशित गर्ने मान्छेबाहेक अरू कुनै अतिरिक्त सत्ता,

मूल्य वा आदर्श छैन, आफ्नो पथको निर्माता र आफ्नो नियतिको स्रष्टा मान्छे स्वयं आफै हो । मान्छे परिस्थितिबिच सधैँ सङ्घर्षशील छ र यही सङ्घर्षशीलता नै उसको अस्तित्वको प्रमाण पनि हो" (जोशी, २०६६, पृ.११५) । मलाई पनि लाग्दछ कि मानिसले आफू हिँड्ने बाटो आफैले खन्नुपर्दछ । हुन त ऊ अर्कालेे खनेको बाटो प्रयोग गर्न पनि स्वतन्त्र छ तर त्यसमा गुनासो गर्न पाइँदैन । सार्त्रका कुरा मानेर नै तिमीले आफ्नो परिवार हिँडाउने बाटो खन्न ल्हासा गएका थियौ र इमान्दार भएर काम गरी धनदौलत पनि ल्याएका थियौ तर कुन कारणले तिम्रो परिवार दुर्घटित भयो ? यो नियति पूर्वनिर्धारित थियो कि तिम्रा त्रुटिका कारण भोग्नुपरेको हो अथवा समाजका कारण यस्तो दुःखद अवस्था सिर्जना भएको हो ? यसको ठेट उत्तर मसँग छैन तर मलाई लाग्छ ती साथीहरूले नछोडेका भए, गुन्डाले नक्कली चिठी नपठाएको भए र समाजले तिम्रो परिवारको मनोविज्ञान बुझ्ने र उनीहरूको असहजता सम्बोधन गरेका भए परिवार दुर्घटित हुँदैनथ्यो । कसैलाई लाग्न सक्दछ कि मुनाको अनुरोध स्वीकार गरेका भए यो अवस्था आउँदैनथ्यो तर एक युवा (युवती पनि) घरपरिवारका तमाम समस्याको समाधान नगरी कसरी मूकदर्शक भएर बस्न सक्दछ, सक्दैन । बसेकै भए पनि यस्तो घटना नघट्ने कुनै निश्चितता थियो ? थिएन । साहु लाग्न सक्थे, कसैका पनि इच्छा पूरा गर्न नसकेकामा तिम्रै मन र जीवन पनि कसरी बित्थ्यो कुन्नि ! आर्थिक अभावका कारण सिर्जना हुने गृहकलहले कुन रूप लिन सक्थ्यो के थाहा ! यस्तो हुँदा समाजमा कुरा काट्ने कति हुन्थे होला ? यसर्थ तिमी कर्तव्यपथबाट चुकेका छैनौ । भन्नेले जेसुकै भने पनि मदन ! तिमीले समाजको एक सदस्यका हिसाबले, मानवका नाताले, सन्तानले गर्नुपर्ने कर्तव्यका दृष्टिले र पतिका सम्बन्धले जे गऱ्यौ, त्यसका लागि धन्यवाद छ । बरु दुःख कुन कुरामा छ भने तिम्रो परिवारले त्यो कष्ट भोगेको करिब नौ दशक हुन लाग्दा पनि यहाँ बा, आमा, छोरी, छोरा, बुहारी र नाति-नातिनीको अवस्थामा खासै परिवर्तन आएको छैन । बाले खेतमा हाड घोटेका छन् तर खान पुग्दैन । आमाले झन्डा लिएर भाषण गर्न जुलुस जान पाएकी छन् तर घरमा आएर भात उनैले पकाउन पर्दछ । छोराछोरीलाई आमाबाले एक छाक खाएर भए पनि पढाएका छन् तर जागिरका अभावमा दैनिक लर्को लागेर ल्हासाको चिसोमा होइन अरबको तातो बालुवा पेल्न बाध्य छन् । तिम्रो त आमाले साससम्म देखेकी थिइन् तर आजभोलि त कतिलाई लास देख्नु पनि सास देख्नुजत्तिकै हुनेगरेको छ । आजभोलि त नक्कली चिठी पठाउने झन्झट गर्दैनन्, एकैचोटि हिंस्रक व्यवहार गर्दछन् र निर्मला बनाउँछन् अनि म कसरी भनूँ, समाजमा मुना र मदनले बेहोरेको नियति आज कसैले पनि बेहोरेका छैनन् भनेर !

**निष्कर्ष**

निसमालोचना समालोचना लेखनसम्बन्धी नयाँ अवधारणा हो । सैद्धान्तिक दृष्टिले नयाँ अवधारणा भए पनि यस किसिमको लेखन धेरै अघिदेखि सुरु भएको हो । यो खासगरी निबन्धका शैलीमा लेखिने अनौपचारिक ढाँचाको समालोचना हो । अतः यसको शैली निबन्धको जस्तो हुन्छ भने उद्देश्य समालोचना गर्नु रहेको हुन्छ । यसकारण निसमालोचना निबन्ध र समालोचना दुवैका विशेषताले युक्त नवलेखन हो । समालोचना गर्नु मुख्य उद्देश्य भएका कारण यसलाई समालोचनात्मक निबन्ध भन्नुभन्दा निबन्धात्मक समालोचना भन्नु उपयुक्त हुन्छ । शीर्षक, उद्देश्य र भाषाशैली यसका तत्त्व हुन् भने समालोचकीयता, निबन्धात्मकता, तुलनात्मकता, सन्दर्भस्रोतको उल्लेख, व्यङ्ग्यात्मकता, अनौपचारिक शैली र सरलता, सरसता एवं रोचकता यसका प्रवृत्तिगत विशेषता हुन् । यस लेखनको उद्देश्य एकातर्फ कृति वा व्यक्तिका प्रवृत्तिको तटस्थ रूपमा समालोचना गर्नु रहेको छ भने अर्कातर्फ पाठकले सिर्जनात्मक रचना पढेको अनुभव गरी समालोचना पठनप्रति रुचि बढाऊन् भन्ने रहेको छ । यसबाट लेखक, लेखन र पाठकका बिच निकट सम्बन्ध स्थापित हुने विश्वास लिइएको छ । यसअघि निसमालोचनालेखनको अभ्यास भएको र यसलाई निसमीक्षा, नैबन्धिक समालोचना, निसमालोचना आदि संज्ञा दिएको पाइन्छ । यस क्रममा निसमालोचनालाई सिद्धान्तीकरण गर्ने उद्देश्यले *निसमालोचना : सिद्धान्त र प्रयोग* नामक कृति

प्रकाशनमा ल्याइएको देखिन्छ। यस अनुसन्धानात्मक लेखमा त्यस कृतिमा भएका अपूर्णता र अस्पष्टतालाई पूर्णता दिने र स्पष्ट पार्ने काम भएका कारण यसले निसमालोचनाको सैद्धान्तिक अवधारणा बुझ्न थप सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

**सन्दर्भग्रन्थसूची**


अवस्थी, महादेव (२०६८). लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यात्मक योगदानको आकलन, *महाकवि देवकोटा : समय र सन्दर्भ*, तेस्रो संस्क., सम्पादक, नेत्र एटम, तन्नेरी प्रकाशन।

कँडेल, घनश्याम (२०५५). *नेपाली समालोचना*, साझा प्रकाशन।

जोशी, कुमारबहादुर (२०६६). *पाश्चात्य साहित्यका प्रमुख वाद*, साझा प्रकाशन।

त्रिपाठी, वासुदेव (२०६६). *साहित्य सिद्धान्त : शोध तथा सृजनविधि*, पाठ्यसामग्री पसल।

देवकोटा, लक्ष्मीप्रसाद (२०५१). *भिखारी*, पन्ध्रौं संस्क., साझा प्रकाशन।

देवकोटा, लक्ष्मीप्रसाद (२०५२). *मुनामदन*, बाइसौं संस्क., साझा प्रकाशन।

पौड्याल, एकनारायण (२०७८). *निसमालोचना : सिद्धान्त र प्रयोग*, भाषा, कला तथा संस्कृति प्रतिष्ठान नेपाल।

बन्धु, चूडामणि (२०५८). *देवकोटा*, तेस्रो संस्क., साझा प्रकाशन।

वर्मा, धीरेन्द्र (प्रधानसम्पादक) (२०२०). *हिन्दी साहित्य कोश- भाग एक*, दोस्रो संस्क., ज्ञानमण्डल लि.।

*श्रीमद्भगवद्गीता*, (२०७३). दुईसयौं पुनर्मुद्रण, गीताप्रेस।